## प्रस्तावहरुः

२०७८।०७९-११।०१ गाउँपालिकाको आव २०७८।०७९ को फाल्गुण मसान्त सम्मको आय व्यय विवरण खर्चको फाँटवारी अनुमोदन सम्बन्धमा ।

२०७८।०७९-११।०२ रूपा गाउँपालिकाको स्थापना दिवश समिक्षा हालसम्म भएको खर्च अनुमोदन सम्बन्धमा।

२०७८।०७९-११।०३ स्थानीय तह निर्वाचन सम्बन्धमा

आचार संहिता जारी भएको, कार्यतालिका आएको, निर्वाचन अधिकृत तोकिएको।

२०७८।०७९-११।०४ रामकोट रामदी मोटरमार्गको रकम भुक्तानी सम्बन्धमा ।

२०७८।०७९-११।०५ आपूखोला तिल ब खड्काको जग्गाको ढुङ्गा विक्रि सम्बन्धमा।

२०७८।०७९-११।०६ सडक बोर्डको रकम मागको लागी साझेदारी बजेट सम्बन्धमा ।

२०७८।०७९-११।०७ आव २०७७।०७८ को अन्तिम लेखापरीक्षण सम्बन्धमा ।

२०७८।०७९-११।०८ संघ प्रदेश बाट प्राप्त पत्रहरुको जानकारी सम्बन्धमा ।

२०७८।०७९-११।०९ रामकोट रामदी मोटरवाटोको ठेक्काको म्याद थप सम्वन्धमा।

२०७८।०७९-११।१० विविधः

कोट भैरव मोटरबाटो सोलिङको लागी रु १५ लाख बजेट थप गर्ने।

## निर्णयहरुः

**कार्यपालिका निर्णय नं २०७८।०७९-११।०१**

प्रस्ताव नं २०७८।०७९-११।०१ माथी छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय आर्थिक प्रशासन शाखाबाट पेश भएको आर्थिक बर्ष २०७८।०७९ को फाल्गुण मसान्त सम्मको आय व्यय विवरण सहितको खर्चको फाँटवारी माथी छलफल गरी खर्च अनुमोदन गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-११।०२**

प्रस्ताव नं २०७८।०७९-११।०२ माथी छलफल गर्दा कार्यपालिकाको निर्णय नं २०७८।०७९-०९।०१ अनुसार २०७८।११।२३ देखी फाल्गुण २८ गतेसम्म भएको स्थापना दिवश मूल समारोहमा भएको निम्नानुसारको खर्च अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियोः

निम्नः

| क्र सं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | माछापुच्छ्रे एफ एम | १०००० | |
| २ | ओम गार्मेन्ट | १९०२५० | |
| ३ | फेवा टेलिभिजन | २०००० | |

रुपा गाउँपालिका कास्की

| | | | |
|---|---|---|---|
| ४ | पोखरा अवाड ट्रेडर्स | २७७५९६ | |
| ५ | परिचय एडभर्टाइजिङ | ६३५३४ | |
| ६ | न्यू ईरा रेष्टुरेण्ट | ९७१२३ | |
| ७ | ट्याक्सी भाडा निर्णायक | ४४४० | |
| ८ | गण्डकी टेलिभिजन | ५०००० | |
| ९ | हाम्रो खाजा घर | ६९४६० | |
| १० | सिसेभेन.आर. रेष्टुरेन्ट | १०००० | |
| ११ | मंजित सपिङ सेन्टर | ५६२० | |
| १२ | आयुष स्टेशनरी | ३६८८५ | |
| १३ | आर एस टि इम्पोरियम | १३५०० | |
| १४ | मेट्रो टेन्ट हाउस | ६३००० | |
| १५ | लालिगुराँस पोसाक केन्द्र | ४७२० | |
| १६ | कुर्चि भाडा | २९७० | |
| १७ | फोटो प्रतिभा | २०००० | |
| १८ | ढुवानी बाबुराम ओझा | ८००० | |
| १९ | घुम्ती रेष्टुरेन्ट | ३७२० | |
| २० | एरोन खाजा घर(गेष्ट हाउस) | १६१७५ | |
| २१ | एटलस गिफ्ट हाउस | ११७८१५ | |
| २२ | होटल काजि एण्ड अन्जु | १००७० | |
| २३ | रिष्मा होटल तथा खाजा घर | ७३४० | |
| २४ | एरोन खाजा घर | २३५३५ | |
| २५ | स्वयंम सेवक खर्च | ७७२५० | |
| २६ | रेफ्री खर्च | १८८३२ | |
| २७ | व्यवस्थापक खर्च | २२४७० | |
| २८ | भलिबल प्रशिक्षक खर्चपुरुष),महिला( | ५५००० | |
| २९ | झोला खादा तान | ४७५०० | |
| ३० | सुन्दर रुपा लेक भ्यू खाजा घर | ९०१० | |
| ३१ | खाजा खाना | ५०००० | |
| ३२ | रुपाताल गार्डेन रेष्टुरेण्ट एण्ड लज | ११९०० | |
| ३३ | निमा गुरुङ्ग किराना पसल तथा खाजा घर | ४८८० | |
| ३४ | खेलाडी खाजा रुपा गावटै वडा ७.पा. (७*५१००) | ३५७०० | |
| ३५ | फोटोग्राफी भिडियोग्राफी(आकाश गुरुङ्ग) | २५००० | |
| | जम्मा रु | १४,८२,४९५। | |
| जम्मा खर्च भएको रु १४ लाख ८२ हजार ४९५ सय मात्र खर्च गर्ने निर्णय गरियो । | | | |

रुपा गाउँपालिका कास्की

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०३</u>**

प्रस्ताव नं २०७८।०७९-११।०३ माथी छलफल गर्दा नेपाल सरकारबाट घोषणा भएअनुसार २०७९ साल बैशाख ३० गते हुन गइरहेको स्थानीय तह निर्वाचन सम्बन्धमा कार्यालयबाट जानकारी प्राप्त भएकोमा निर्वाचन कार्यतालिका सहित निर्वाचन अधिकृत तोकिएका तथा निर्वाचन आचारसंहिता समेत जारी भइसकेकोले सवै पक्षहरुले आआफ्नो स्थानबाट निर्वाचन सम्पन्न गर्न सहयोग गर्ने गराउने साथै निर्वाचन आचारसंहिताको पालना गराउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०४</u>**

प्रस्ताव नं २०७८।०७९-११।०४ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको Contract No: NCB/WORKS/RUPA/2075/076-03 "Construction of Ramkot Ramadhi Road" को मिति २०७६।३।२५ मा रूपा गाउँपालिका कास्की र Khadka Krishna-Waiba and Lama JV बिच भएको सम्झौताअनुसारको कार्य सञ्चालनमै रहेको तथा हाल सम्बन्धित निर्माण व्यवसायीबाट भुक्तानी माग भएकोमा गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०५</u>**

प्रस्ताव नं २०७८।०७९-११।०५ माथि छलफल गर्दा रूपा गाउँपालिकाभित्र IEE नभएका स्थानहरुबाट ढुङ्गा विक्रि अनुमती प्रदान नगर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०६</u>**

प्रस्ताव नं २०७८।०७९-११।०६ माथि छलफल गर्दा सडक बोर्ड नेपालबाट प्रस्ताव पेश गर्ने गरी सूचना प्रकाशन भएकोमा सो प्रस्तावअनुसारको गाउँपालिकाबाट व्यहोर्नुपर्ने लागत साझेदारी वापतको रकम व्यहोर्ने प्रतिवद्धता सहित निवेदन पेश गर्न कार्यपालिकाको कार्यालयलाइ अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०७</u>**

प्रस्ताव नं २०७८।०७९-११।०७ माथि छलफल गर्दा आर्थिक बर्ष २०७७।०७८ को अन्तिम लेखापरीक्षण डोर खटिइ आउनुभएकोले २०७९।१२।१४ देखी नियमित लेखापरीक्षण गराइ प्रतिवेदन प्राप्त भए पश्चात असुलि गर्नुपर्ने रकम असुलिको लागी पत्राचार गर्ने तथा पेश्की फछ्र्यौट गराउने तथा नियमित गर्नुपर्ने बेरूजु नियमितको लागी लेखा समिति मार्फत कार्यपालिकामा पेश गराउने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७८।०७९-११।०८</u>**

प्रस्ताव नं २०७८।०७९-११।०८ माथि छलफल गर्दा संघीय इकाइबाट गाउँपालिकामा प्राप्त भएका विभिन्न पत्रहरुको बारेमा कार्यपालिकाको कार्यालयबाट जानकारी लिइयो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-११।०९**

प्रस्ताव नं २०७८।०७९-११।०९ माथि छलफल गर्दा रूपा गाउँपालिका कास्कीको Contract No: NCB/WORKS/RUPA/2075/076-03 "Construction of Ramkot Ramadhi Road" को मिति २०७६।३।२५ मा रूपा गाउँपालिका कास्की र Khadka Krishna-Waiba and Lama JV बिच भएको सम्झौता बमोजिमको समयअवधिभित्र कार्यसम्पन्न हुन नसकी मिति २०७८।१।६ को कार्यपालिकाको निर्णयानुसार मिति २०७८।१२।३० सम्म म्याद थप भएकोमा उक्त समयमा कार्यसम्पन्न हुने अवस्था नरहेको भन्दै फर्मको तर्फबाट मिति २०७८।१२।०४ मा म्याद थपको निवेदन पेश गरेको तथा हाल निर्माण कार्य नियमित रूपमा भैरहेकोले सार्वजनिक खरिद (एघारौं संशोधन) नियमावली, २०७८ को दफा १८ अनुसार २०७९ आषाढ मसान्तसम्म कार्य सम्पन्न गर्ने गरी म्याद थप गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७८।०७९-११।१०**

प्रस्ताव नं २०७८।०७९-११।१० माथि छलफल गर्दा नेपाल सरकारको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यसम्पादनका आधारमा शसर्त अनुदान रकम थप हुने व्यवस्था बमोजिम यस कार्यालयमा शसर्त अनुदान अन्तर्गत थप रकम निकासा भएकाले रुपा गाउँपालिका वडा नं-६ स्थित कोट भैरव मोटरबाटो सोलिङ कार्यक्रमलाई रकम रु १५,००,०००/- (अक्षरेपि पन्ध्र लाख मात्र) विनियोजन गरी योजना थप गर्ने निर्णय गरियो ।

मिति २०७८ साल चैत्र १३ गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

मितिः २०७८।१२।१४